# कुशे गाउँपालिका

## थर्पु भार्म, जाजरकोट

# आर्थिक वर्ष २०७५/०७६ को

# बजेट

२०७५ साल आषाढ १०

# कुशे गाउँपालिका आ.ब. २०७५/०७६ को बजेट वक्तब्य

कुशे गाउँपालिकाको चौथो गाउँ सभाका अध्यक्ष ज्यू, प्रमुख अतिथि, बिशेष अतिथि, उपस्थित सम्पुर्ण अतिथिगण, गाउँसभाका सदस्यहरु, यस कुशे गाउँपालिकाका राजनैतिक दलका प्रमुख तथा प्रतिनिधीहरु, सम्वन्धित बिषयगत निकायका कर्मचारी बर्ग, पत्रकार साथीहरु, नागरिक समाजका प्रतिनिधीहरु, गै.स.सँ का प्रतिनिधि तथा कर्मचारी, बिभिन्न समुह सहकारी संघ सँस्था र संगठन बाट पाल्नु भएका सम्पर्ण प्रतिनिधीहरु, महिला, दलित, अपाङ्ग, जेष्ठ नागरिक, सुरक्षा कर्मी, लागाएत बिभिन्न तह र क्षेत्र बाट यस सभामा पाल्नुभएका बिद्धान बर्ग एवं सम्पूर्ण दाजुभाई तथा दिदी बहिनीहरु

सर्वप्रथम यस गरिमामय सभामा यहाँहरु माझ उभिईरहदा प्रजातन्त्र, लोकतन्त्र, गणतन्त्र प्राप्तीको लागि र त्यसैको जगमा समृद्ध राष्ट्र निर्माण गर्ने संकल्प सहित भएका बलिदानी पूर्ण आन्दोलनहरुमा त्यागका साथ उत्सर्ग गर्ने सम्पुर्ण महान शहिदहरु प्रति हार्दिक श्रद्धासुमन प्रकट गर्दै सम्मान ब्यक्त गर्दै द्वन्द पीडितहरु तथा देशमा संघिय लोकतान्त्रिक गणतन्त्रकाको स्थापना गर्न अहम भुमिका खेल्ने सम्पुर्ण ज्ञातअज्ञात ब्यक्तिहरु लाई स्मरण गर्न चाहान्छु ।

प्राकृतिक सांस्कृतिक धार्मिक तथा पर्यटकीय महत्वका दृष्टिले अन्यन्त सवल सम्भावना बोकेको भएतापनि समग्र आर्थिक, सामाजिक विकास र प्रकृयालाई अघि बढाउन हाम्रा सामु केही चुनौतिहरु पनि छन । सरुगाढ, चैया गाढ, मष्टा मन्दिर, रातापाटन, कुशे पाटन, नदाई डाव, चुके डाँडा, झादेव जस्ता प्राकृतिक तथा धार्मिक स्थलहरु यस क्षेत्रका सम्भावनाका श्रोतहरु हुन ।

**उपस्थित सम्पुर्ण महानुभावहरु**

अब म यस कुशे गाउँपालिकाको आ.ब. २०७५/०७६ को वजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

यस आर्थीक वर्षका लागि **कूल ३२ करोड, ६२ लाख ५० हजार रुपैयाको वजेट प्रस्तुत गरेको छु । जस मध्ये आयका स्रोत यस प्रकार रहेको छ ।**

<u>१. नेपाल सरकार बाट प्राप्त अनुदान</u>

क) बित्तीय समानीकरण **रु ७ करोड, ९२ लाख,**

ख) शर्सत अनुदान **रु १३ करोड, ९९ लाख,**

ग) राजस्व वाडँफाड रु ६ करोड ९९ लाख ११ हजार

**२. प्रदेश सरकार बाट प्राप्त अनुदान**

क) बित्तीय समानीकरण **रु ४९ लाख ७७ हजार,**

ख) राजस्व वाडँफाड रु २ लाख ४१ हजार

३. आन्तरिक आम्दानि बाट अनुमानित **बजेट रकम रु ५०,००,०००।- (पचास लाख)**

४. कुसे गाउँपालिकाको संचित कोष अनुमानित **रकम रु २,७०,२३,०००.।- (दुई करोड सत्तरी लाख तेइस हजार)**

यसरी आ.ब. २०७५/०७६ मा **कूल ३२ करोड, ६२ लाख ५२ हजार रुपैयाका** बराबरको आय हुन सक्ने भनि सोहि रकम वरावरको वजेट प्रस्तुत गरेको छु।

यसमा विभिन्न सरकारी तथा गैर सरकारीसघं सस्थाहरुले सञ्चालन गर्ने कार्यक्रमहरुको खर्च समाबेश गरिएको छैन । यस सम्मानित गाउँ सभा मार्फत ती सस्थाहरुको कार्यक्रम पारित गरिए पछि गाउँ कार्यपालिकाको बैठक मार्फत उक्त रकम सार्वजनिक गरिने छ।

**आदरणीय दाजुभाई तथा दिदी बहिनीहरु,**

अव म आ.व.२०७५।०७६ मा हुने सम्पूर्ण व्यय तर्फको बजेट प्रस्तुत गर्ने अनुमति चाहान्छु,

१) चालु तर्फः

अनुसूचि ३ बमोजिमका शिर्षकहरुमा रहेर गाउँपालिका तथा सम्पुर्ण वडा कार्यालयहरुको वार्षिक चालु प्रकृतिका सम्पूर्ण खर्च लागि र पदाधिकारीहरुको पारिश्रमीक गरी कुल जम्मा **रु ७ करोड ०१ लाख ५२ हजार** विनियोजन गरेकोछु।

२) शर्शत अनुदान तर्फको खर्चः

यस गाउँपालिका भित्र समाहित भएका विषयगत कार्यालयहरु जस्तै शिक्षा, कुषि, स्वास्थ्य, लगायतका हरुलाई जति–जति आएको छ सोही अनुसार तत् कार्यालयको लागि विनियोजन गरिएको शिर्षकमा खर्च गर्ने गरी **एकमुष्ट रु १३ करोड ९९ लाख** विनियोजन गरेको छु।

४) शर्सत अनुदान सामाजिक सुरक्षा तफ खर्च

कुशे गाउँपालिकाबाट सामाजिक सुरक्षा भत्ता पाउने सम्पूणको लागि अनुमानित **एकमुष्ट रु ३ करोड** विनियोजन गरेको छु।

५) सार्वजनिक निर्माण खर्च :

यस कुशे गाउँपालिकाको समग्र विकास र सम्बृद्धिको लागि सम्पूर्ण क्षेत्रको लागि विनियोजन गरिएको रकमलाई सार्वजनिक निर्माण खर्च अर्न्तगत राखिएको छ । यस शिर्षकमा **रु ११ करोड ६२ लाख** विनियोजन गरिएको छ।

आदरणीय जनसमूदायहरु अव म यस सार्वजनिक निर्माण अर्न्तगत विनियोजन गरिएको कुल रकमलाई अनुसूचि ५ बमोजिमको शिर्षकमा राखी छुट्टा छुट्टै शिर्षकमा विनियोजन गरिएको रकम प्रस्तुत गर्न चाहान्छु ।

क) आर्थिक विकास

आर्थिक विकास तर्फ कुल **९९ लाख ५० हजार** विनियोजन गरेको छु । जस मध्ये कृषि तर्फ १८ **लाख, पशु तर्फ २७ लाख उद्योग तथा बाणिज्य तर्फ २० लाख, पर्यटन तर्फ, २९ लाख ५० हजार सहकारी तर्फ ५ लाख** विनियोजन गरेको छु ।

ख) सामाजिक विकास

सामाजिक विकास तर्फ कुल **३ करोड ४१ लाख ५० हजार** विनियोजन गरिएको छ । जस मध्ये शिक्षा तर्फ **१ करोड ८२ लाख, स्वास्थ्य तर्फ ४० लाख, लैगिंक समानता तथा समाबेशीकरण, अपांग तर्फ १० लाख एवं खानेपानी तथा सरसफाई तर्फ ८४ लाख, ५० हजार संस्कृति प्रवर्द्धन तर्फ १० लाख र खेलकुद तथा मनोरञ्जन तर्फ १५ लाख रुपैया** विनियोजन गरिएको गरिएको छ ।

ग) पुर्वाधार विकास

पुर्वाधार विकास तर्फ कुल **५ करोड ४२ लाख** रुपैया विनियोजन गरिएको छ । जस मध्ये स्थानीय सडक, पुल तथा झोलङ्गे पुल तर्फ **४ करोड**, **१९ लाख** सिचांई तर्फ **३४ लाख,** भवन तथा सहरी विकास तर्फ ४९ **लाख**, उर्जा, लघु उर्जा साना जलविद्युत आयोजना ( बैकल्पिक उर्जा समेत) तर्फ **३५ लाख** र संचार तर्फ **५ लाख** रुपैया विनियोजन गरेको छु ।

घ) वातावरण तथा विपद् व्यवस्थापन

वातावरण तथा विपद् व्यवस्थापन तर्फ कुल **४० लाख रुपैया** विनियोजन गरेको छु । जस मध्ये बन तथा भु-संरक्षण तर्फ रु **५ लाख**, जल उत्पन्न प्रकोप नियन्त्रण तर्फ **५ लाख**, र यस गाउँपालिका भित्र विपद् व्यवस्थापन कोष स्थापना गरी विपद व्यवस्थापन, राहत तथा उद्धार गर्न रु **३० लाख** रुपैया विनियोजन गरिएको छ ।

ङ) संस्थागत विकास सेवा प्रवाह र सुशासन

संस्थागत विकास सेवा प्रवाह र सुशासन तर्फ कुल १ करोड **३९ लाख** रुपैया विनियोनज गरिएको छ । जस मध्ये सामान्य सेवामा **३८ लाख**, सुरक्षा व्यवस्थापन तर्फ **१५ लाख**, पञ्जिकरण व्यवस्थापन तर्फ **३ लाख,** न्यायीक प्रवर्द्धन तर्फ **रु १०** लाख स्थानीय तथ्याङ्क संकलन र अभिलेख व्यवस्थापन तर्फ **८ लाख,** सुशासन प्रवर्दन तर्फ **५ लाख,** अनुसन्धान तथा बिकास तर्फ **११ लाख**, र समपुरक कोष **४० लाख प्रथम अध्यक्ष छात्रवृति कोष** ९ लाख विनियोजित गरिएको छ ।

**आदारणिय सम्पुर्ण उपस्थित महानुभावहरु,**

माथि उल्लेख गरिएका सार्वजनिक निर्माण अन्तर्गत रहेका नितान्त प्राबिधिक विषय र खरिद गर्नुपर्ने सामागी्र बाहेक सबैमा प्रत्येक शिर्षकमा छुट्याईएको कुल रकम को सडक १५ प्रतिशत र अन्य सार्वजनिक निर्माणमा ६ प्रतिशत श्रमदान वा जनसहभागिता अनिवार्य गरिएको छ । साथै सार्वजनिक निर्माण अन्तर्गत रहेका सार्वजनिक निर्माणका योजनाको अनिवार्य ४ प्रतिशत कन्टेन्जेन्सी कटाइनुका साथै यस गाउँपालिका भित्र संचालन हुने आयोजना, योजनाहरुको व्यवस्थापन गर्नका लागि सर्भे, डिजायन तथा समपुरक कोष बापत रु ५९ लाख समेत विनियोजन गरेको छु ।

त्यसै गरी आर्थीक विकास, सामाजिक बिकास, पूर्वाधार बिकास, वातावरण बिकास तथा बिपत ब्यवस्थापन र संस्थागत बिकास, सेवा प्रवाह र सुशासन अर्न्तगत एकमुष्ट रकम विनियोजन गरिएको छ । छुट्टईएको खर्च शिषक अर्न्तगतको रकम कुल आयोजना तथा कार्यक्रममा कति बिनियोजन गर्ने भन्ने विषय वडा समितिहरु बाट प्राप्त बजेट तथा योजनाको माग, गाउँपालिकाको लक्ष्य तथा रणनीति एवं स्थानीय आवश्यकताको आधारमा सम्वन्धित बिषयगत समितिहरुको सिफारिसमा गाउँकार्यपालिका को बैठक बाट र्निधारण गर्न सकिने ब्यवस्था गरेको छ ।

अन्त्यमा प्रस्ताबित वजेट योजना तथा कार्यक्रम तर्जुमा गर्ने क्रममा सुझाब प्रदान गरी सहयोग गर्नहुने सम्पुर्ण महानुभाबहरु लाई धन्यवाद ज्ञापन गर्दछु । त्यसै गरी वडा समितीका सदस्य ज्युहरु, राजनैतिक दलका प्रतिनिधी ज्यूहरु तथा सम्पुर्ण महानुभाबहरु प्रति हार्दीक कृतिज्ञता ब्यक्त गर्दछु । कार्यक्रमको सफल कार्यान्वयनमा स्थानिय जनसमुदायले अपनत्व ग्रहण गरी यसको कार्यन्वयनमा सहयोग पुर्याउने अपेक्षा गरेको छु ।

प्रस्ताबित कार्यक्रम बाट गाउँपालिकाले प्रदान गर्ने सेवा प्रवाहमा गुणात्मक सुधार आई सुशासन वृद्धिमा सहयोग पुग्ने बिश्वास लिएको छु ।

आर्थीक वर्ष ०७५/०७६ को वजेट योजना तथा कार्यक्रम कार्यान्वयनमा गाउँबासी नेपाल सरकार, राजनैतिक दलहरु, नागरिक समाज, गैर सरकारी संघ सँस्था बैदेशिक दातृ संस्था र कर्मचारी लगायत सबै बाट सहयोगको अपेक्षा राखेको छु ।

**धन्यवाद ।**

**राम छाया कुमारी शाही**
उपाध्यक्ष तथा संयोजक
**वजेट तथा कार्यक्रम तर्जुमा समिति**
२०७५ असार १० गते ।